# मध्यनेपाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२ प्रशासन
चलानी नं.:

सूचना नं : ०१-२०८१/०८२ (तहवृद्धि)

मिति :- २०८१/०९/२२

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि सम्वन्धि सूचना**

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित शर्तहरु पुरा भएका यस मध्यनेपाल नगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशको वेभसाइट **(www.ocmcm.gandaki.gov.np)** मा राखिएको तहवृद्धिको आवेदन फाराम डाउनलोड गरी नेपाली कागजमा प्रिन्ट गरि फाराममा उल्लेखित सम्पूर्ण विवरण भरिएका दुई प्रती फाराम प्रमाणीत गराई पौष मसान्त भित्र मध्यनेपाल नगरपालिका प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपूर्ण विवरण भरि पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनहरुलाई तहवृद्धिको प्रकृयामा सामेल नगराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

**१. स्थानीय सेवाको स्वास्थ्य सेवा वाहेकको अन्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क. अधिकृत स्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिका लागि क्रमशः सहायक स्तर पाँचौं, अधिकृत स्तर सातौं र अधिकृत स्तर नवौं तहको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएको हुनुपर्नेछ।

ख. अधिकृत स्तर छैटौं, आठौं र दशौं तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तहवृद्धिको लागि क्रमशः सहायक स्तर पाँचौं, अधिकृत स्तर सातौं र अधिकृत स्तर नवौं तहको पदमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तिमा पञ्चानब्वे प्रतिशत औषत अंक प्राप्त गरेको हुनुपर्नेछ।

ग. स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

**२. स्थानीय स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको हकमा :**

क. स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा २७ को उपदफा (३) बमोजिम साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भई समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा संघीय कानून बमोजिमको सेवा, शर्त तथा अवधि पूरा भएको हुनुपर्नेछ।

ख. स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५ बमोजिम स्तरवृद्धिको लागि आवश्यक पर्ने मापदण्ड तथा कागजातहरु संलग्न हुनुपर्नेछ।

ग. स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(क) बमोजिम नकरात्मक सूचिमा नपरेको हुनुपर्नेछ।

घ. स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ११ बमोजिमको अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको अवधिको प्रमाणीत सिफारिस पत्र। (साथै,अति दुर्गम वा दुर्गम भौगोलिक क्षेत्रमा सेवा गरेको रुजु हाजिरी एवं अवधि खुल्ने कागजातहरुः कामकाज गर्न खटाइएको पत्र, रमाना पत्र, हाजिर तथा पदस्थापना भएको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।)

ङ. साविक नेपाल स्वास्थ्य सेवाको पदमा नियुक्त भएका कर्मचारीहरुले समायोजन भएको कर्मचारी समायोजन पत्र।

च. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम तहवृद्धिको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको पुष्टि गर्ने आवश्यक कागजातहरु।

**३. स्थानीय सेवाको सबै सेवामा कार्यरत कर्मचारीहरुले आवेदनका साथ खुलाउनुपर्ने तथा संलग्न गर्नुपर्ने अन्य कागजातहरुको विवरणः**

क. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

ख. शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।

ग. तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति वा स्तरवृद्धिको प्रमाणित प्रतिलिपी।

घ. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम मध्यनेपाल नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि तथा पदस्थापना पत्रको प्रमाणित प्रतिलिपी।

२०८१-०९-२२
प्रताप शर्मा
निमित्त प्रमुख प्रशासकीय अधिकृत